**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १३ गते शुक्रबार ❑ 27 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## ज्येष्ठ सदस्य केसीद्वारा नवनिर्वाचित प्रतिनिधिसभा सदस्यलाई शपथ

**रासस**
काठमाडौं, १२ चैत



नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूले पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयको नवनिर्मित बहुउद्देश्यीय हलमा बिहीबार आयोजित समारोहमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले उहाँहरूलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो । ज्येष्ठ सदस्य केसीले बुधबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको थियो।

नेपालको संविधानको धारा, ९९ र ९१ को उपधारा, ५ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम पद तथा गोपनीयताको शपथ लिने व्यवस्था छ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १८२, नेपाली कांग्रेसले ३८, नेकपा (एमाले)ले २५, नेपाली कम्युनिष्ट पार्टीले १७, श्रम संस्कृति पार्टीले सात र राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच सिट प्राप्त गरेका छन् । संसदीय यात्रामा सत्तापक्ष त कहिले प्रमुख या प्रतिपक्ष भएर सदनका बैठकमा बस्दै आएका तीन राजनीतिक दल नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी अब भने एउटै बेन्चमा बस्ने भएका छन् । गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले यी तीन पार्टीको तत्कालको संसदीय स्थान प्रतिपक्ष बेन्च तय गरिदिएको हो । यसअघि मुलुकका प्रमुख तीन दलको पहिचानमा रहँदै आएको थियो।

विसं २०६३ मा लोकतन्त्रको स्थापना र तत्कालीन नेकपा (माओवादी) शान्ति प्रक्रियामा आएपछि गठन भएको अन्तरिम संसद्मा यी तीनवटै दल एउटै बेन्चमा थिए । तर, २०६४ सालको संविधानसभा निर्वाचनबाट बनेको सभा र त्यसपछिका संसद्हरूमा भने कांग्रेस, एमाले र माओवादीमध्ये कुनै दुई दल सत्तामा हुँदा प्रायः एक दल प्रतिपक्षमा बस्ने गरेको अवस्था थियो । तीनवटै दल एउटै बेन्चमा बस्न लागेको भने यो पहिलोपटक हो । यसपटक तीन दलमध्ये कांग्रेस प्रमुख प्रतिपक्ष र अन्य दुई दल प्रतिपक्षको भूमिका रहनेछन् । एउटै विपक्षी बेन्चमा तीन दल रहनेछन् । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि बिहीबार मात्र प्रतिनिधिसभा सदस्यहरूले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको हो । शपथका क्रममा तीन दलका सांसदहरू प्रतिपक्षी बेन्चमा उभिएर शपथ लिनुभयो। राजनीतिक दलहरूको सिट सङ्ख्याका आधारमा सङ्घीय संसद् सचिवालयले दलहरूको बस्ने बेन्चको व्यवस्था गरेको छ।

## कांग्रेसको १५औँ महाविधेशनको कार्यतालिका सार्वजनिक

**रासस**
काठमाडौं, १२ चैत

नेपाली कांग्रेसले १५औँ महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेको छ। बुधबारको केन्द्रीय कार्यसमिति बैठकले आगामी असोज १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने निर्णयअनुसार कार्यतालिका सार्वजनिक गरिएको हो।

पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालका अनुसार यही चैत मसान्तसम्म क्रियाशील सदस्यता वितरण र अद्यावधिक विशेष अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ । यस अवधिमा केन्द्रबाट सदस्यता फारम वडा तहसम्म पठाउने र सदस्यता वितरणका लागि १६५ वटै क्षेत्रमा प्रतिनिधि खटाइनेछ । आगामी वैशाख १ गतेदेखि वैशाख मसान्तसम्म छ हजार ७४३ वटै वडाबाट क्रियाशील सदस्यता वितरण र अद्यावधिक गरिनेछ । प्रत्येक व्यक्तिले आफू सदस्यता भएकै वडाबाट सदस्यता अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । वैशाख महिनाभरि वडामा एकमहिने सदस्यता अद्यावधिक अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ। सार्वजनिक कार्यतालिकाअनुसार जिल्लास्तरीय क्रियाशील सदस्यता प्रारम्भिक छानबिन समितिमा परेका उजुरीउपर छानबिन गरी आगामी जेठ मसान्तसम्म केन्द्रमा पठाउनु पर्नेछ। केन्द्रले सदस्यतामा आवश्यक छानबिन गरी आगामी असार १५ गतेसम्म टुङ्गो लगाउने समयसीमा तोकिएको छ । यस्तै, अद्यावधिक क्रियाशील सदस्यको नामावली केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि २०८३ असार मसान्तसम्मलाई तोकिएको छ । केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची अधिवेशन प्रक्रिया सुरु हुनुपूर्व नै निर्वाचन समितिलाई उपलब्ध गराई अधिवेशन प्रक्रिया अगाडि बढाउने पार्टीले निर्णय गरेको छ। कार्यतालिकाअनुसार, आगामी भदौ २ गते सबै वडा समितिको सम्पन्न गर्ने र क्षेत्रीय प्रतिनिधि चयन गरिनेछ भने भदौ ७ गते गाउँ नगरपालिका अधिवेशन गरिनेछ। भदौ १७ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन र एक मात्र क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशन गर्ने र महाधिवेशन गरिनेछ । यस्तै, आगामी असोज २ र ३ गते जिल्ला अधिवेशन गरिनेछ । यस्तै, महाविधेशनका अन्य कार्यक्रम तय गर्नुका साथै विभिन्न १६ वटा निर्णय गरिएका पार्टी केन्द्रीय कार्यालयका कावा मुख्यसचिव दुलालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

## रास्वपा संसदीय दलको नेतामा शाह चयन

**रासस**
काठमाडौं, १२ चैत



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को संसदीय दलको नेतामा बालेन्द्र शाह चयन हुनुभएको छ।

रास्वपाको बिहीबार बसेको केन्द्रीय समितिको बैठकले उहाँलाई संसदीय दलको नेता चयन गरेको हो । बैठकमा सभापति रवि लामिछानेले पार्टी वरिष्ठ नेता शाहलाई संसदीय नेताका रूपमा चयन गर्न गरेको प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको प्रवक्ता मनिष झाले जानकारी दिनुभयो।

## बालमैत्री सञ्चार अभ्याससम्बन्धी पोखरा घोषणापत्र जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत



बालबालिकाको सर्वोत्तम हित र सञ्चारमाध्यमको उत्तरदायित्वलाई प्रभावकारी बनाउने उद्देश्यले बालमैत्री सञ्चारसम्बन्धी पोखरा घोषणापत्र जारी गरिएको छ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गतको राष्ट्रिय बालअधिकार परिषद् र गण्डकी प्रदेशमा क्रियाशील सञ्चारकर्मीबीच बिहीबार भएको बालमैत्री सञ्चार निर्देशिका कार्यान्वयन सम्बन्धमा प्रदेशस्तरीय अन्तरक्रियामा आठ बुँदाको घोषणापत्र सार्वजनिक गरिएको हो । बालबालिका आजका साझेदार र भोलिका कर्णाधार रहेकाले उनीहरुको सुरक्षित वर्तमान र उज्जवल भविष्य निर्माणमा सञ्चार माध्यमको भूमिका 'रक्षक'को रहने प्रतिबद्धता गरिएको छ।

घोषणापत्रमार्फत सञ्चारमाध्यम र पत्रकारहरूले बालअधिकारको संरक्षण, प्रवर्द्धन तथा सम्मानमा केन्द्रित भई समाचार सामग्री उत्पादन र प्रसारण गर्ने प्रतिबद्धता जनाएका छन् । साथै बालबालिकासँग सम्बन्धित विषयवस्तु प्रस्तुत गर्दा उनीहरूको गोपनीयता, संवेदनशीलता र सर्वोत्तम हितलाई प्राथमिकता दिने उल्लेख गरिएको छ।

बालबालिकाको गोपनीयता र आत्मसम्मानको पूर्ण रक्षा, यौन हिंसाका घटनामा अतिसंवेदनशिलता, विभत्स र सनसनीपूर्ण सामग्रीमा निशेध, अन्तर्वाता र तस्बिर प्रयोगमा पूर्वस्वीकृति, बालमैत्री शब्दावलीको प्रयोग, सकारात्मक समाचारलाई प्राथमिकता, विज्ञापनमा बालबालिकाको प्रयोगमा सजगता र स्वनियमनलाई घोषणापत्रमा समेटिएको छ। कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछानेले काउन्सिलले पत्रकारका लागि बालमैत्री सञ्चार निर्देशिका बनाएको बताउँदै आचारसंहिताको उल्लङ्घन भएमा काउन्सिलमा उजुरी दिन सकिने बताउनुभयो।

"आचारसंहिताविपरीतको काम गर्ने सञ्चारमाध्यमलाई काउन्सिलले स्पष्टीकरण सोध्ने, खण्डन छाप्न लगाउने, माफी माग्न लगाउने वा कालोसूचीमा राख्नेसम्मको कारबाही गर्न सक्छ", लामिछानेले भन्नुभयो।

पत्रकार महासङ्घ गण्डकीका अध्यक्ष रमेश पौडेलले बालमैत्री सञ्चार निर्देशिकालाई व्यवहारमा उतार्दै जिम्मेवार पत्रकारितामार्फत बालबालिकाको अधिकार सुनिश्चित गर्न सक्रिय भूमिका खेल्न आग्रह गर्नुभयो।

राष्ट्रिय बालपरिषद्को गण्डकी प्रदेशका समन्वय अधिकृत बद्रीप्रसाद वाग्लेले सबै स्थानीय तहमा बालकल्याण अधिकारी तोकिनुपर्ने व्यवस्था रहे पनि गण्डकीका ८५ पालिकामध्येमा हालसम्म ६८ वटामा मात्र कार्यान्वयन गरिएको बताउनुभयो।


**बालबालिकालाई लागूऔषध दुरूपयोगबाट बचाऔं ।**

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोत्साहन गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मञ्चले गर्यो २०औँ सफल पोखरा म्याराथनको समिक्षा

पोखरापत्र संवाददाता
गण्डकी, १२ चैत

नेपाल भूतपूर्व खेलाडी मञ्चद्वारा आयोजना गरिएको सफल पोखरा अन्तर र्राष्ट्रिय म्याराथनको २०औँ संस्करणको समीक्षा बैठक सम्पन्न भएको छ। बुधवार भएको समिक्षा बैठकमा विभिन्न उपसमितिका संयोजकहरूले आ-आफ्ना प्रतिवेदन प्रस्तुत गर्दै कार्यक्रमको समग्र मूल्याङ्कन गरेका थिए।

बैठकले २०औँ संस्करणका सकारात्मक पक्षलाई निरन्तरता दिँदै देखिएका कमी-कमजोरी सुधार गर्ने निष्कर्ष निकालेको छ। साथै उक्त संस्करण सफल बनाउन आर्थिक, भौतिक तथा नैतिक



सहयोग पुर्याउने संघसंस्था र व्यक्तित्वहरूलाई धन्यवाद व्यक्त गरिएको छ। यस्तै बैठकले २१औँ संस्करणको तयारीमा जुट्ने निर्णय पनि गरेको छ । यस्तै मञ्चले आयोजना गर्ने १६औँ श्रृंखलाको साप्ताहिक र मासिक दौड आगामी चैत २१ गते शनिबार पोखरा रङ्गशालामा सञ्चालन गर्ने जनाएको छ । सो अवसरमा ५ किलोमिटर दूरीमा छात्र-छात्रा, महिला-पुरुष खुल्ला तथा भेट्रान महिला-पुरुष समूहमा दौड प्रतियोगिता आयोजना गर्ने भएको मञ्चका अध्यक्ष दिलबहादुर गुरुङले जनाए। त्यसैगरी, संस्थाको २५औँ वार्षिक उत्सवको समापन समारोह भव्य रूपमा सम्पन्न गर्न आगामी वैशाख ८ गते पुनर्मिलन कार्यक्रम गर्ने भएको छ। उक्त कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन निवर्तमान अध्यक्ष हरिप्रसाद पराजुलीको संयोजकत्वमा जगन गुरुङ, खेमबहादुर गुरुङ, यामबहादुर गुरुङ, बालकुमारी गुरुङ, अनिल सिंह र विष्णुमाया गुरुङ सदस्य रहने गरी व्यवस्थापन समिति गठन गरिएको छ । यसैगरी रजत महोत्सव समापनक समारोहमा राष्ट्रिय खेलकुद पुरस्कार वितरणका लागि संस्थापक अध्यक्ष खड्गबहादुर राना भाटको संयोजकत्वमा अशोक पालिखे, महेश गुरुङ, नारायण कार्की र हरिप्रसाद पराजुली सदस्य रहने गरी पुरस्कार छनोट समिति गठन गर्ने निर्णय भएको मञ्चले जनाएको छ।

# विराटनगरवासीलाई पोखरा भ्रमणको निम्ता

पोखरापत्र संवाददाता
गण्डकी, १२ चैत

नेपालको औद्योगिक नगरी विराटनगरका वासिन्दालाई पर्यटनको राजधानी पोखरा भ्रमणको निम्ता प्रदान गरिएको छ।

जाउँ है पोखरा अभियान अन्तर्गत पूर्वी नेपालको भ्रमणमा रहेको होटल संघ पोखरा नेपालको टोलीले विराटनगरवासीलाई पोखरामा हुने फेवा नवबर्ष महोत्सवको निम्ता प्रदान गरेको हो । पर्यटन संस्कृती र खानालाई जोड दिएर यही चैत २९ देखि आगामी वैशाख १ गतेसम्म यो महोत्सव हुँदै छ । विराटनगरमा आयोजित कार्यक्रममा होटन संघ नेपाल कोशीका अध्यक्ष राजन श्रेष्ठले २५ बर्षदेखी जाउँ है पोखरा अभियानलाई निरन्तर संचालन गर्नु सराहनीय कदम भएको बताए। प्रबर्द्धनका यस्ता



अभियानलाई भारतका उत्तर प्रदेश र बिहारमा पनि संचालन गर्न उनले सुझाव दिए । कोशी प्रदेशले पनि पर्यटनको अपार संभावना बोकेको भन्दै उनले प्रचारप्रशारको अभावले यो प्रदेश पछि परेको बताए।

आयोजक संघका अध्यक्ष लक्ष्मण सुबेदीले पोखरा पर्यटनका हिसाबले निकै सस्तो गन्तब्य भएको बताउँदै फेवा महोत्सवका पाहुनालाई होटलको प्रकाशित दररेटमा २५ प्रतिशत सम्म छुट प्रदान गरिएको बताए । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखरा अन्नपूर्ण क्षेत्र प्रवेशको आधार क्षेत्र मात्र नभई प्याराग्लाइडिङ, बन्जी जम्पिङ जस्ता साहसिक पर्यटनको गन्तब्य समेत भएको बताए । नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालय, पोखराको समन्वय तथा सहकार्यमा यो पटकको जाउँ है पोखरा अभियान संचालन भईरहेको हो । अभियान १३ चैतसम्म चल्ने छ। कार्यक्रममा कोशी भ्रमण बर्ष २०८२ का संयोजक भविस श्रेठले नेपाल र भारतमा समेत नेपाल पर्यटन बोर्डले प्रबर्द्धनका कार्यक्रम प्रभावकारी रुपमा अगाडि बढाउनु पर्ने सुझाव राखे । पोखरा र पूर्वी नेपालविच हवाई र गुणस्तरीय स्थल यातायात सेवा संचालनका लागि पहल जरुरी भएको उनले बताए। टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले नेपाली पर्यटनमा कोशी प्रदेशको योगदान उच्च रहेको बताउँदै पोखरा र वरपरका लामाछोटा पदयात्रा गन्तब्यका बारेमा अबगत गराए।

नाष्ट्रा कोशीका अध्यक्ष पुण्य भट्टराईले पोखरामा पूर्वबाट पर्यटक पठाउन आफूले पनि भूमिका खेलिरहेको अवगत गराए । कार्यक्रमा होटल संघ पोखरा नेपालका द्वितीय उपाध्यक्ष गणेशराज पहारीले उपस्थित सबैलाई धन्यवाद दिए। कार्यक्रमको संचालन आयोजक संघका सचिव पार्वता पाण्डेले गरेकी थिईन्।

# रात्रिदौडको अनलाइन फारम खुला

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

पर्यटकीय राजधानी पोखरामा पहिलोपटक आयोजना हुने रात्रिकालीन दौड प्रतियोगिता (नाइटरन) का लागि बिहीबार देखि अनलाइन फर्म खुला गरिएको छ।

नेपाली नयाँ वर्षको पूर्व सन्ध्यामा "जाग्छ पोखरा, दौडाउँछ पोखरा"उद्घोषका पोखरा क्लिक र पोखरा प्रवर्द्धन केन्द्रको आयोजनामा चैत २८ गते शनिबार हुने प्रतियोगिताका लागि फर्म भर्न पोखरा क्लिकको अनलाइन पोर्टमा क्लिक गर्नुपर्ने छ। प्रतियोगितामा निश्चित संख्या पुगेपछि फारम बन्द गरिने र १२ वर्षभन्दा कम उमेरका बालबालिकालाई प्रतियोगितामा सहभागी नगराइने प्रतियोगिता संयोजक दीननाथ बराललले जानकारी दिए । आयोजकले सहभागी खेलाडीको बीमा गर्ने र रिफ्लेक्टिभ (चम्किने) टिसर्ट उपलब्ध गराउने जनाउँदै सहभागी धावकलाई स्वयम हेडल्याम्प प्रयोग गरेर दौडमा भाग लिन पनि बराललले अनुरोध गरेका छन् । अनलाइन फारम भर्नसमस्या परेमा पोखरा महानगरपालिका वडा नं. ९ सँग पनि सहकार्य गरी दर्ता प्रक्रिया पूरा गर्न सकिने व्यवस्था आयोजकले गरेको छ । प्रदेश खेलकुद परिषद् गण्डकीको सहकार्य, पोखरा-९ को समन्वय तथा विभिन्न संघसंस्थाको सहयोगमा हुने प्रतियोगितालाई मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरले हस्पिटल पार्टनरकारूपमा सहयोग गर्ने भएको हो । प्रतियोगिताका लागि अटोवेज प्रा.लि., सिटिजन फर्निचर, परिचय एड्भटाइजिङ, जिल्ला खेलकुद विकास समिति कास्की लगायतका संघसंस्थाको सहयोग रहेको केन्द्रका सचिव सागर सुनारले जानकारी दिए।

पोखराको बाराहीघाटबाट सुरु हुने पाँच किलोमिटरको दौड सेन्टरप्वाइन्ट, हल्लनचोक, जिरो किलोमिटर, सिर्जनाचोक, सभागृहचोक, न्यूरोड, चिप्लेढुंगा र महेन्द्रपुल हुँदै झण्डा पार्क फल्चासम्म दूरीमा सञ्चालन हुनेछ।


## Career Opportunity

Pragati Secondary School, Pokhara-16, Batulechour, a school run with a vision to impart holistic education through 21st-century pedagogical approaches, invites interested and eligible candidates for the following posts.

| S.No | Subject | Level | Minimum Qualification | Req. No. |
|---|---|---|---|---|
| 1. | Nepali | Secondary | Masters | 1 |
| 2 | English | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 3 | English | Basic Level (1-5) | +2 or above | 2 |
| 4 | Computer | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 5 | Mathematics | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 6 | All | Pre -Primary | +2 or above | 2 |

**Procedure:** Written test, Class Observation, Interview

- Salary & benefits: Attractive + Social Security Fund
- Desired personality traits: Learning attitude, Respect for the profession, Team ethics, Love for children
- Only short-listed candidates will be called for further processing.

Candidates are required to contact the front desk with supporting documents (CV, hand-written application, photocopies of citizenship card, academic certificates, work experience letter) or send via personal email to pragatischool.pokhara@gmail.com by 15th **of Chaitra 2082.**

Principal
**Pragati Secondary School**
Batulechour-Pokhara, 16, Contact: 443204, 443338,9846027931
pragatischool.pokhara@gmail.com


# पोखरामा दोस्रो 'नाडा प्रेजेन्ट्स् वाडा अटो शो २०२६' सुरु

पोखरापत्र संवाददाता
पोखरा, १२ चैत

पर्यटनको राजधानि पोखरामा बुधबार देखि दोस्रो संस्करणको 'नाडा प्रेजेन्ट्स् वाडा अटो शो २०२६' सुरु भएको छ।

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको प्रस्तुती तथा पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) को आयोजनामा पोखराको लेकसाइडस्थित तालबाराही चोक नजिकको खेल मैदानमा उक्त अटो शो सञ्चालन भएको हो । यही चैत १५ गतसम्म संचालन हुने उक्त अटो शोको गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्री प्रकाश बहादुर केसीले उद्घाटन गर्नु भएको हो। कार्यक्रममा बोल्दै उहाँले उक्त महोत्सवले पोखराको पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने बताउनु भयो । देशमा हाल भित्रिएका नयाँ मोडलका गाडीहरु एकै ठाँउमा बिक्रि र प्रर्दशनीले गाडी खरिद गर्नेहरुको लागि समेत सहज हुने उहाँले बताउनु भयो।

प्रदेशकै सबैभन्दा ठूलो अटो प्रदर्शनीका रूपमा लिइएको यस कार्यक्रममा विभिन्न ३२ ब्रान्डका आधुनिक सवारी साधनहरूको प्रदर्शन तथा बिक्री-वितरण हुने भएको पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) का अध्यक्ष दीपेन्द्र कोइरालाले बताउनु भयो । प्रदर्शनीमा १६ ब्राण्डका चारपाङ्गे १०



ब्राण्डका दुईपाङ्गे, ६ ब्राण्डका लाइट कमर्शियल र हेभी कमर्शियल सवारी साधनहरूका साथै लुब्रिकेन्ट, टायर, ग्यारेज उपकरण, अटो एसेसरिज तथा वित्तीय संस्थाहरूका गरी २० वटा स्टल रहने उहाँले जनाउनु भयो । यस अटो शोमा अत्याधुनिक प्रविधिसहितका रोबोटहरूको समेत प्रदर्शन गरिएको छ भने युनिट्री जी वान ह्युमानोइड रोबोट, युनिट्री गो टु र अन्य आकर्षक रोबोटहरू प्रदर्शनीका विशेष आकर्षण रहेको महासचिव विनय थापाले बताउनु भयो । यसबाट सर्वसाधारणलाई नवप्रवर्तन र प्रविधिको प्रत्यक्ष अनुभव दिलाउने लक्ष्य राखिएको उहाँले जनाउनु भयो । पाँच दिनसम्म सञ्चालन हुने प्रदर्शनीमा करिब ४५ हजार आगन्तुक सहभागी हुने अपेक्षा गरिएको छ। टिकटमा विशेष छुटको व्यवस्था गरिएको छ भने खल्ती एपमार्फत टिकट खरिद गर्दा दैनिक पहिलो १०० साधारण टिकटमा ५० प्रतिशत र पहिलो १०० विद्यार्थी टिकटमा १०० प्रतिशत क्यासब्याकको सुविधा प्रदान गरिने वाडाका कोषाध्यक्ष असोक चालिसेले बताउनु भयो। पोखरा महानगरपालिका प्रवर्द्धक रहेको यस कार्यक्रमको व्यवस्थापन ग्लोबल एक्सपोजिसन एण्ड म्यानेजमेन्ट सर्भिसेजले गरिरहेको छ। यस प्रदर्शनीले अटो व्यवसाय प्रवर्द्धन, क्षेत्रीय बजार विस्तार, आधुनिक प्रविधिबारे जानकारी आदानप्रदान तथा आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याउने वाडाका बरिष्ठ उपाध्यक्ष शिव श्रेष्ठले बताउनु भयो । अटो क्षेत्रमा देखिएका समस्या पहिचान गरी समाधानका उपाय खोज्ने साझा प्लेटफर्मका रूपमा समेत यो कार्यक्रम उपयोगी हुने अपेक्षा गरिएको वाडाका उपाध्यक्ष निरन केसीले बताउनु भयो । उक्त कार्यक्रममा विभिन्न व्यवसायीक कम्पनीहरुले छुट प्याकेज ल्याएको आयोजकले जनाएको छ।

# निर्वाचन सम्पन्न गर्नु मुख्य उपलब्धि: गृहमन्त्री अर्याल

रासस
काठमाडौं, १२ चैत

गृहमन्त्री ओमप्रकाश अर्यालले आफ्नो १९१ दिने कार्यकाल सफलतापूर्वक पूरा गरी आज गृह मन्त्रालयबाट बिदाइ हुनुभएको छ। नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूले आजै पद तथा गोपनीयताको सपथ लिएसँगै शुक्रबार नयाँ सरकार गठन हुने तयारीका बीच मन्त्री अर्यालले पदबाट बिदा लिनुभएको हो ।

मन्त्रालयमा मंगलबार आयोजित विशेष बिदाइ समारोहलाई सम्बोधन गर्दै मन्त्री अर्यालले जेनजी जनआन्दोलनपछिकोअसामान्य र चुनौतीपूर्ण अवस्थामा जिम्मेवारी सम्हालेको स्मरण गर्नुभयो । उहाँले आफ्नो कार्यकालमा शान्तिसुरक्षाको सामान्यीकरण, सुशासनको सुदृढीकरण र स्वच्छ, निष्पक्ष एवं भयरहित वातावरणमा ऐतिहासिक निर्वाचन सम्पन्न गर्नु नै मुख्य उपलब्धि रहेको बताउनुभयो ।

"निर्वाचन हुने वा नहुने भन्ने आशङ्काबीच हामीले प्रशासनिक समन्वय र सुरक्षा तयारीमार्फत निर्धारित समयमै निर्वाचन सम्पन्न गर्यौं", मन्त्री अर्यालले भन्नुभयो, "यसबाट संविधान सही बाटोमा आएको छ र यसको सम्पूर्ण श्रेय आमनागरिक, सुरक्षाकर्मी र कर्मचारीको सामूहिक प्रयासलाई जान्छ ।" उहाँले आफ्नो कार्यकालमा भएका मुख्य कार्यलाई मन्त्रालयको संस्थागत अभिलेखका रूपमा हस्तान्तरण गर्नुभएको छ।

सो अवसरमा उहाँले जेनजी आन्दोलनका ४२ जना सुशासन योद्धा र तीन जना प्रहरीलाई सहिद घोषणा गरिएको, घाइतेको वर्गीकरण गरी जीविकोपार्जन भत्ताको व्यवस्था गरिएको र आन्दोलनमा क्षतिग्रस्त भएका ४६५ सरकारी कार्यालयको पुनर्निर्माण गरी सेवा सञ्चालन गरिएको जानकारी दिनुभयो।

समारोहमा गृहसचिव राजकुमार श्रेष्ठले मन्त्री अर्यालको नेतृत्वमा मन्त्रालयले छोटो अवधिमा दुई दर्जनभन्दा बढी कानुन तर्जुमा तथा परिमार्जन गर्न सफल भएको र सुरक्षा निकायको मनोबल उच्च बनाउन महत्वपूर्ण भूमिका खेलेको भन्दै उहाँको कार्यशैलीको प्रशंसा गर्नुभयो। मन्त्री अर्याल २०८२ भदौ ३० गते गृहमन्त्री नियुक्त हुनुभएको थियो । उहाँले १९१ दिने कार्यकालमा विपद् व्यवस्थापन, मिटरब्याज पीडितको समस्या सम्बोधन र नागरिकता प्राप्तिमा सहजताजस्ता जनपक्षीय कार्यसम्पादन गर्नुभएको मन्त्रालयले जनाएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनाबारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

**सम्पादकीय**

# रामनवमीको शुभकामना !

हिन्दुधर्मावलम्बीले भगवान् श्रीरामको सम्झनामा रामनवमी पर्व भव्य रुपमा मनाउने गर्दछन । चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामको सम्झनामा 'रामनवमी' पर्व नेपाल, भारत लगायत हिन्दु धर्म मान्नेहरुले मनाउँछन । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामको मन्दिरमा पूजापाठ गरिन्छ । जनकपुरस्थित रामजानकीको मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारीको घुँइचो लाग्छ। त्रेतायुगमा नवमी तिथिमा अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो । त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ।

आजका दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा बैकुण्ठ वास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौं अवतारका रूपमा जन्मेका श्रीरामले मिथिलाका राजा जनकको छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गरेको वर्णन गर्ने गरिन्छ ।गण्डकी प्रदेश सरकारले राम नवमीका दिन सार्वजनिक विदा दिएको छ । पितृ, मातृ भक्त, ठूलालाई आदर र सानालाई माया गर्ने आदर्श पुरुषका रुपमा रामले अयोध्यामा राज्य गरेकोले उनको शासनकाललाई अहिले पनि रामराज्यका रुपमा स्मरण गरिन्छ। सृष्टिमा दुर्जनको अन्त्य गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुले रामका रुपमा मनुष्यलोकमा जन्म लिएको भन्ने छ । रामकै जस्तो गुण प्राप्त होस् भन्ने कामनाले श्रीरामनवमी पर्व मनाउने गरिएको धर्मशास्त्रविद्हरु बताउँछन् । रामनवमीका दिन श्रीरामको व्रत, उपवास गरी पूजा, आराधना गर्नाले यो लोकमा सुख, शान्ति र परलोकमा सद्गति पाइने रामायणलगायत धर्मग्रन्थमा उल्लेख गरिएको छ। आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिएको सम्झनामा श्रीरामनवमी पर्व मनाउन थालिएको धार्मिक ग्रन्थमा उल्लेखछ । मर्यादा,सत्य र तपस्या को पर्यायको रुपमा श्रीरामलाई लिने गरिन्छ।

नेपालको ऐतिहासिक र मौलिक संस्कृति र पर्व माथि अतिक्रमण भइरहेको बेला हाम्रा मौलिक संस्कृति ,ऐतिहासिक धार्मिक मान्यतालाई जोगाउन रामनवमीले सधैं सत्मार्गमा लाग्न प्रेरित गर्नेछ। रामलाई वैदिक सनातन हिन्दु धर्म संस्कृतिमा सबैभन्दा धेरै बढी पुजिने भगवानका रूपमा लिइन्छ। त्यही भएर रामका भाइहरू भरत, लक्ष्मण र शत्रुधन नाम गरेका अरू तीन जना भाइहरू थिए । भरतकी माता कैकेयीले छलपूर्वक दशरथ राजालाई परिबन्धमा पारेर रामलाई १४ वर्ष वनवास पठाएकी थिइन् । तर रामका प्रिय भक्त भएका कारण भरतले पनि वनमै पुगेर रामले लगाउने चप्पल (खराउ)लाई सिंहासनमा राखेर पुजेको किंवदन्ती छासत्यलाई केही समय छोप्न खोजेपनि पछि सत्य स्थापित भएरै छोड्छ।अहिले विश्वमा नै असत्य हावी भएर असत्यले रजाइँ गरेको छासत्यका लागि ठूलो तपस्या गर्नुपर्ने भएको छ ।सत्य र तपस्या र मर्यादाको पर्याय रामनवमीको शुभकामना !


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : कार्यमा सफलता |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : अप्रत्यासित लाभ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : शत्रुको भय | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## बागलुङको सिगाना गाउँ पक्की सडक सञ्जालमा जोडियो

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ चैत

विकास पूर्वाधारका दृष्टिले पछि परेको सिगाना गाउँ पक्की सडकले जोडिएपछि त्यहाँका बासिन्दा दङ्ग परेका छन्।

आफ्ना उत्पादन बजारसम्म पुर्‍याउन सहज भएकाले उनीहरू खुशी भएका हुन् । सिगाना सुन्तला उत्पादनका निम्ति प्रख्यात छ । 'ट्याक' खुलेको २८ वर्षपछि बागलुङ-सिगाना १० किलोमिटर सडक रु २ ९ करोडको लागतमा कालोपत्र गरिएको सडक डिभिजन कार्यालयका प्रमुख हरि सुवेदीले राससलाई जानकारी दिनुभयो । 'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक' कार्यक्रमअन्तर्गत यो सडक स्तरोन्नतिसँगै कालोपत्र गरिएको हो ।

## सुशासन, समृद्धि र जनताको प्रगतिको विषयमा कांग्रेस प्रतिबद्ध छः प्रवक्ता चालिसे

**रासस**
काठमाडौं, १२ चैत

नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले सुशासन, समृद्धि र जनताको प्रगतिको विषयमा कांग्रेस प्रतिबद्ध रहेको बताउनुभएको छ।

पार्टीद्वारा केन्द्रीय कार्यालय सानेपामा आज आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीहरुलाई जानकारी दिनुहुँदै प्रवक्ता चालिसेले कांग्रेस सत्तामा मात्रै हैन प्रतिपक्षमा बसेर पनि रचनात्मक भूमिका निर्वाह गर्छ भन्दै जनताले अभिव्यक्त गरेको मतलाई पार्टीले सम्मान गर्दै सोहीअनुसार भूमिका निर्वाह गर्ने बताउनुभयो ।

"कांग्रेस निर्वाचनका लागि मात्रै हैन, निर्वाचन नै नहुने समयमा पार्टी क्रियाशील थियो, निर्वाचन हुने वातावरण नेपाली कांग्रेसले नै तयार गरेको हो, सही विषयमा कांग्रेस सरकारको साथमा हुन्छ, लोकतान्त्रिक मूल्यमान्यता र जनताको अधिकार रक्षाका लागि कांग्रेसले प्राथमिकता दिन्छ, नेपालको अर्थतन्त्रको सबैभन्दा ठूलो स्रोत रेमिट्यान्स हो, अर्थतन्त्र सङ्कटको अवस्थामा छ, सङ्कटमा सहयोगी प्रतिपक्षको भूमिका निर्वाह गर्छौं", प्रवक्ता चालिसेले भन्नुभयो । प्रवक्ता चालिसेले १६५ निर्वाचन क्षेत्रको समीक्षा गर्दै सुधार्ने र सुध्रिने प्रयास गर्नेछौं भन्दै यो निर्वाचनको परिणाम अप्रत्याशित भएको धारणा राख्नुभयो । "कांग्रेसले संरचनागतदेखि नीतिगत सुधारका लागि ध्यान दिन्छ, पार्टीलाई रुपान्तरण गर्न व्यापक सुधार गर्ने कार्यमा ध्यान दिन्छ", प्रवक्ता चालिसेले भन्नुभयो । उहाँले देशमा बारम्बार उठेको विषय सुशासन भएको भन्दै २०४६ सालदेखि २०८२ सालसम्म सार्वजनिक तहमा बसेका व्यक्तिको सम्पति छानबिन होस् भन्नेमा जोड दिनुभयो ।

"सरकारले सम्पत्ति छानवीन र सुशासनमा ध्यान दिनुपर्छ, अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण हुनुहुँदैन । पात्र र प्रवृत्ति सही हुनुपर्छ, छानबिन गर्ने आयोग सरकारले बनाओस्, कांग्रेसले सहयोग गर्छ, सफा र स्वच्छ राजनीति हुनुपर्छ, भ्रष्टाचार सामाजिक समस्या हो, यसको समाधान गर्नुपर्छ, यो केवल भोट बटुल्ने माध्यम बन्नु हुँदैन", प्रवक्ता चालिसेले भन्नुभयो ।

## नयाँ पुस्ताको परिवर्तनको आकाङ्क्षा नै आफ्नो एजेण्डा

**रासस**
काठमाडौं, १२ चैत

सिंहदरबारस्थित संसद् भवनमा बिहीबार प्रतिनिधिसभा सदस्यका रुपमा सपथ लिएपछि सांसद् मनिष खनालले आफ्नो भूमिका जेन-जी विद्रोहको भावनालाई सदनको रोष्टमबाट जीवन्त राख्नु आफ्नो प्राथमिकता हुने बताउनुभयो । सपथसँगै आफ्नो संसदीय यात्रा सुरु भएको उल्लेख गर्दै २६ वर्षे खनालले भन्नुभयो, "यो मेरो एक्लो पाइला होइन, प्रत्येक मतदाताको भरोसा र हजारौं युवाहरुको आशाको सामूहिक यात्रा हो ।"

गत भदौमा भएको जेनजी आन्दोलन र त्यसपछि भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि प्रतिनिधिसभामा उहाँ र उहाँको उमेर समूहको प्रतिनिधित्व बढेको छ । त्यसैले आज भएको प्रतिनिधिसभा सदस्यहरूको सपथ ग्रहण समारोह केवल संवैधानिक प्रक्रिया मात्र नभइ संसदमा युवा समूहको बाहुल्य प्रतिनिधित्वले संसदलाई सुन्दर बनाएको छ ।

राजनीतिक यात्रा सुरु गरेको छोटो समयमा सांसदीय यात्रा सुरु गर्नुभएका २६ वर्षीय सांसद केपी खनालले इमान्दारिताका साथ काम गर्ने प्रण गर्नुभयो । उहाँले भन्नुभयो, "संसद्मा जेनजी उमेर समूहको उल्लेख्य प्रतिनिधित्व छ, त्यसैले हामी उत्साही छौं, जिम्मेवारी पनि त्यत्तिकै महसुस भइरहेको छ । जनतालाई 'डेलिभरी' दिनु हाम्रो कर्तव्य हो । पारदर्शिता, इमान्दारिता र जवाफदेहिताका आधारमा काम गर्छौं ।" उहाँले संसद् समारोहमा बुवाआमालाई साथमै लिएर आउनुभएको थियो । विगत १३ वर्षदेखि सामाजिक अभियानमा सक्रिय खनालले अब जनताको आवाज अब संसद्मा उठान गर्नका लागि तयार रहेको बताउनुभयो । आफू कैलाली-२ बाट निर्वाचित भए पनि सुदूरपश्चिमको प्रतिनिधि नभई देशभरका जनताको सेवकका रूपमा प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । जेनजी उमेर समूहकी २५ वर्षीया सांसद रुवीकुमारी ठाकुरले मधेसका युवा र महिलाको मुद्दा प्राथमिकताका साथ सदनमा उठाउने प्रण गर्नुभयो । मैथिली र नेपाली भाषामा सपथ ग्रहण गरेपछि उहाँले आफ्ना पुस्ताको परिवर्तनको आकाङ्क्षा नै आफ्नो एजेण्डा भएको बताउनुभयो । सिभिल इन्जिनियरिङ विषय अध्ययनरत उहाँले मधेसको बेरोजगारी र वैदेशिक रोजगारका मुद्दालाई पनि कानुनमार्फत सम्बोधन गर्ने आफ्नो योजना रहेको बताउनुभयो ।

युवा सांसद सस्मित पोखरेलले आफूले राजनीतिक र कानुनी छिद्रहरूको अध्ययन सुरु गरिसकेको बताउनुभयो । त्यसका लागि नयाँ कानून निर्माण, आवश्यक संशोधनका लागि विशेषज्ञ टिम निर्माणमा गृहकार्य थालेको उल्लेख गर्नुभयो । "सपथपछि जिम्मेवारी अझ बढेको महसुस भएको छ । अब पाँच वर्षमा के गर्ने भन्ने कुरा स्पष्ट छ", उहाँले भन्नुभयो ।



बागलुङ कालिका मन्दिरमा भक्तजनः चैते दसैंको मुख्य दिन बिहीबार बागलुङ कालिका मन्दिरमा भक्तजनको घुँइचो । चैते दसैंका असवसरमा देशका विभिन्न भागबाट आउनुभएका भक्तजनले कालिका मन्दिर परिसर बिहानैदेखि भरिभराउ भएको छ तस्बिर : खेमराज गौतम/रासस

## संस्कृतिकर्मी श्रेष्ठलाई 'सूर्यनारायण पुरस्कार'

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ चैत

म्याग्दीका संस्कृतिकर्मी सज्जयकुमार श्रेष्ठलाई 'सूर्यनारायण पुरस्कार' प्रदान गरिएको छ।

सूर्यनारायण पुरस्कार संस्थाद्वारा बिहीबार बेनीमा आयोजित कार्यक्रममा अग्रज कलाकार धनकुमारी थापा र संस्थाका अध्यक्ष सुवर्णकुमार श्रेष्ठले संस्कृतिकर्मी श्रेष्ठलाई नगद रु २५ हजार र कदरपत्र प्रदान गर्नाका साथै दोसल्ला ओढाएर सम्मान गर्नुभएको हो । समाजसेवी सूर्यनारायण श्रेष्ठको स्मृतिमा उहाँका परिवारले स्थापना गरेको संस्थाले हरेक दुई/दुई वर्षमा नेपाली लोक संस्कृति, कला र साहित्यको श्रीवृद्धि गर्न योगदान गर्ने म्याग्देलीलाई सो पुरस्कार अर्पण गर्दै आएको छ। विसं २०८२ को पुरस्कार श्रेष्ठलाई प्रदान गरिएको हो । निरन्तर पाँच दशकसम्म गीत, सङ्गीत र नृत्यकलामा अनवरत लगावका साथै साहित्यको माध्यमबाट समाजमा पुर्‍याएको योगदानस्वरूप पुरस्कृत गरिएको पुरस्कार छनोट समितिका संयोजक कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो ।




बेनीको पुरानो सांस्कृति समूह 'दोभान ब्यान्ड'का सदस्य श्रेष्ठले पचासको दशकमा 'रेल पुग्यो बम्बैमा', 'भेट भयो सलल'मा स्वराङ्कन गर्नाका साथै 'जिस्की नहिँड' पपगीत एल्बम बजारमा ल्याउनुभएको थियो । सम्मान र ताली (कथा सङ्ग्रह २०७२) र तिम्रै यादमा (गीत सङ्ग्रह २०७८) प्रकाशन गरेका श्रेष्ठ विगत १२ वर्षयता नेपाल भाषा मंका खःलः म्याग्दीको सांस्कृतिक संयोजकको जिम्मेवारीमा हुनुहुन्छ।

संस्थाले २०४९ सालदेखि हालसम्म १९ जनालाई पुरस्कार प्रदान गरेको छ । भैरवबहादुर श्रेष्ठ (२०४९), टीकाबहादुर श्रेष्ठ (२०५०), दीपबहादुर खड्का (२०५२), धनकुमारी थापा (२०५३), रत्नप्रसाद श्रेष्ठ (२०५४), ठाकुरप्रसाद पराजुली (२०५६), वीरबहादुर कार्की (२०५८), खड्ग गर्बुजा (२०६०), होमनाथ सुवेदी (२०६२), लक्ष्मीप्रसाद श्रेष्ठ (२०६४), अबिरकुमार श्रेष्ठ (२०६६), ध्रुवलाल शर्मा (२०६८), अङ्गद श्रेष्ठ (२०७०), खगेन्द्रमिलन श्रेष्ठ (२०७२), डा कर्ण बानियाँ (२०७४), तुलप्रसाद श्रेष्ठ (२०७६), प्रकाशकुमार श्रेष्ठ (२०७८) र चन्द्रप्रकाश बानियाँ (२०८०) पुरस्कृत हुनुभएको थियो।

पुरस्कार वितरण समारोहमा संस्थाको मुखपत्र 'गङ्गा' पनि विमोचन गरिएको सचिव अजयमिलन श्रेष्ठले जानकारी दिनुभयो ।

## पर्वतमा बर्सेनि चैतधान रोपाइँ हुने क्षेत्रफल घट्दै

**पोखरापत्र संवाददाता**
पर्वत, १२ चैत

पर्वतमा चैते धान रोपाइँ हुने क्षेत्रफल बर्सेनि घट्दै गएको छ। कतिपय धानखेती हुने फाँटमा सडक विस्तार र बजार विस्तार हुनु, बाँदर आतङ्क, जनशक्ति अभावलगायत कारणले चैते धान रोपाइँ हुने क्षेत्रफल घट्दै गएको हो ।

चैते धान लगाउन सिँचाइ सुविधा नहुँनु तथा युवा जनशक्ति वैदेशिक रोजगारी, शिक्षालगायत कारणले बाहिरिनुले पनि धानखेती हुने क्षेत्रफल घट्दै गएको जिल्लास्थित कृषि विकास कार्यालयले जनाएको छ । कार्यलयका अर्थविज्ञ प्रकाश चौधरीले सिँचाइ अभाव, जनशक्ति नहुनु, मल र बीउको अभाव, मौसमी परिवर्तनलगायत कारणले यसप्रति किसानको आकर्षण घट्नाले पनि रोपाइँ हुने क्षेत्रफल घट्दै गएको बताउनुभयो । "जिल्लामा सबैभन्दा बढी चैतधान खेती हुनेमा पैँयू गाउँपालिकाको हटिया, अर्थुनलगायत स्थानमा गाउँपालिकाको केन्द्र स्थापना भई बजार विस्तार भएपछि रोपाइँ हुन छाडेको छ", उहाँले भन्नुभयो । यसैगरी विहादी गाउँपालिकाको बर्राचौर फाँटमा पनि कालीगण्डकी लोकमार्ग निर्माण तथा बजार विस्तार हुनाले धान रोपाइँ हुने फाँटमा अहिले घर निर्माण हुन थालेका अर्थविज्ञ चौधरीले बताउनुभयो। फलेवास नगरपालिकाको पाङराङमा चैतेधान लगाउने खेत क्रमशः घडेरी बन्दै गएका छन् । उहाँका अनुसार कुश्माको पाङ, खुर्कोट मोदीको बाजुङ, देउपुरलगायत फाँटहरूमा पनि चैतेधान लगाउन छोडिएको छ।

चैतेधानको बीउ अभाव, जनशक्तिको अभाव, लागनी भन्दा उत्पादन कम हुनेलगायत कारण खेती गर्न छाडेका कुश्मा नगरपालिका-२ का कृषक वैकुण्ठ शर्माले बताउनुभयो । कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा चार सय ४० हेक्टर क्षेत्रफलमा गरिएको चैतेधानको खेती चालु आवमा तीन सय ४० हेक्टर क्षेत्रफलमा सीमित भएको छ।

कार्यालयका अर्थविज्ञ चौधरीका अनुसार चैतेधान हुने खेतका फाँट क्रमशः बजार क्षेत्रमा परिणत हुनु, जनशक्तिको अभाव, मलर बीउको अभाव, सिँचाइको कमी, बाँदर आतङ्कलगायत समस्याका कारण चैतेधान लगाउने किसानको सङ्ख्या घटेको हो । पर्वतमा 'चैते-५' र 'स्थानीय टकमारे' जातका धान लगाउने गरिएको उहाँले जानकारी दिनुभयो ।

सङ्घीय सरकारको धान जोन इकाई, गण्डकी प्रदेशअन्तर्गतको कृषि विकास कार्यलय र सात स्थानीय सरकारका कृषि विकास शाखाले धान उत्पादनको क्षेत्रमा बर्सेनि बजेट कार्यान्वयन गरिरहेको भएपनि क्रमशः चैतेधान रोपाइँ हुने फाँटको क्षेत्रफल घट्दै गइरहेको अर्थविज्ञ चौधरीले बताउनुभयो । उहाँका अनुसार जिल्लाका बर्खेधान नौ हजार २१ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने गरेको छ।

# लिटिल स्टेप माविमा नयाँ व्यवस्थापन प्रवेश, आधुनिक शिक्षातर्फ नयाँ अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, १२ चैत



सिमलचौर, पोखरामा रहेको लिटिल स्टेप माध्यमिक विद्यालयमा नयाँ व्यवस्थापन टोली प्रवेशसँगै विद्यालयले विकासको नयाँ अध्याय सुरु गरेको छ।

वि.सं. २०३९ सालदेखि शैक्षिक क्षेत्रमा निरन्तर योगदान दिँदै आएको यस विद्यालयमा अन्तर्राष्ट्रिय अनुभव, आधुनिक सोच र नवप्रवर्तनलाई आत्मसात गर्ने उद्देश्यका साथ नयाँ नेतृत्व टोली भित्रिएको हो । नयाँ व्यवस्थापन टोलीमा शिक्षाविद् पदम बास्तोकोटी, गण्डकी विश्वविद्यालयका संस्थापक रजिस्ट्रार डा. कैलाश तिमिल्सिना, राजनीतिशास्त्र तथा भूगोलशास्त्रमा स्नातकोत्तर अध्ययन गरेका, विज्ञान संकायबाट बीएस्सी उत्तीर्ण तथा विभिन्न सामाजिक अभियानमा अनुभव हासिल गरेका प्राविधिक व्यक्तित्व मिलन पौडेल, युवा उद्यमशील व्यक्तित्व विवेक पौडेल तथा हिमाल कलेज अफ म्यानेजमेन्ट र डाइनामिक एकेडेमीका संस्थापक डा. हरि कार्की लगायत विदेशमा अध्ययन गरी फर्किएका युवा शिक्षा व्यवसायीहरू सहभागी छन् । विद्यालयको स्थापना कालदेखि नेतृत्व सम्हाल्दै आएका संस्थापक अध्यक्ष शेर बहादुर गुरुङ र प्रिन्सिपल पम्फा गुरुङले नयाँ व्यवस्थापन टोलीलाई जिम्मेवारी हस्तान्तरण गरेका हुन् । जिम्मेवारी हस्तान्तरणका क्रममा संस्थापक अध्यक्ष गुरुङ र प्रिन्सिपल गुरुङले नयाँ टोलीप्रति विश्वास व्यक्त गर्दै भने, "विद्यालयलाई अझ उचाइमा पुऱ्याउने उत्साही र दूरदर्शी टोली आएकोमा हामी गर्व गर्छौं । आगामी दिनमा पनि हाम्रो अनुभव र मार्गनिर्देशन विद्यालयलाई निरन्तर उपलब्ध हुनेछ ।"विद्यालयका अनुसार अब पुरानो व्यवस्थापन टोली एडभाइजरको भूमिकामा रहनेछ। उनीहरूको अनुभव र संस्थागत स्मृतिले नयाँ टोलीलाई मार्गदर्शन गर्ने विश्वास गरिएको छ।

नयाँ व्यवस्थापनले शिक्षण पद्धतिमा व्यापक सुधार ल्याउने योजना अघि सारेको छ । विद्यालयले अबको शिक्षालाई 'परीक्षा केन्द्रित' भन्दा पनि ' जीवन केन्द्रित' बनाउने लक्ष्य राखेको छ । 'भिबचल दथ म्यष्लन' तथा 'क्पर्षी-द्यबकभम 'भिबचलष्लन' जस्ता आधुनिक अवधारणालाई प्राथमिकता दिँदै कम्प्युटरमा आधारित शिक्षण, डिजिटल कक्षा, इन्टरप्रेन्योरसिप र खेलकुदलाई पाठ्यक्रमसँग एकीकृत गर्ने तयारी भइरहेको विद्यालय प्रशासनले जनाएको छ । यस पहलले विद्यार्थीलाई केवल सैद्धान्तिक ज्ञानमा सीमित नराखी व्यावहारिक सीप, नेतृत्व क्षमता र आत्मनिर्भरता विकासतर्फ उन्मुख गराउने लक्ष्य राखेको छ । पोखरामा उत्कृष्ट पूर्वाधार भएको विद्यालयका रूपमा परिचित लिटिल स्टेपले हालसम्म १०० भन्दा बढी डाक्टर, इन्जिनियर, आइटी अफिसर तथा राजनीतिज्ञ उत्पादन गरिसकेको छ । फराकिला कक्षाकोठा, आधुनिक प्रयोगशाला, व्यवस्थित पुस्तकालय तथा खेलमैदानजस्ता सुविधासहित यस विद्यालयले चार दशकभन्दा लामो इतिहासमा हजारौं अनुशासित र जिम्मेवार नागरिक उत्पादन गरेको छ।

इतिहासको मजबुत आधार, अनुभवी मार्गदर्शन र आधुनिक दृष्टिकोणको संयोजनले लिटिल स्टेपले शिक्षा क्षेत्रमा नवप्रवर्तन र उत्कृष्टताको नयाँ मापदण्ड स्थापित गर्ने विश्वास पोखरेली समाजले गरेको छ । विद्यालय प्रशासनका अनुसार विद्यार्थीलाई विश्वस्तरमा प्रतिस्पर्धी बनाउन नयाँ टोलीले विशेष योजनाका साथ काम गर्नेछ।

# तनहुँको मह विश्वबजारमा, किसान उत्साहित

**पोखरापत्र संवाददाता**
दमौली, १२ चैत

जिल्लामा उत्पादित मह अन्तरराष्ट्रिय बजारमा प्रवेश गर्न थालेपछि किसान उत्साहित भएका छन् ।

यहाँको शुक्लागण्डकी नगरपालिका-१ थप्रेक र दगाममा उत्पादित महको अन्तरराष्ट्रिय रूपमा बजारीकरण हुन थालेपछि यहाँका किसान उत्साहित हुनाका साथै मौरीपालनतर्फ थप आकर्षित हुन थालेका हुन् ।

सूर्य नेपाल प्रालिको हिमालयन ट्रेजरले यहाँ उत्पादित मह किसानसँग खरिद गरी बजारीकरण गर्न थालेको छ। प्रारम्भिक चरणमा दुई हजार १०० किलो मह प्रतिकिलो रु दुई हजारका दरले खरिद गरिएको छ। कम्पनीले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत किसानलाई कफीका बिरुवा वितरण गर्दै बहुआयामिक कृषि प्रणालीलाई प्रोत्साहन गरेपछि यसले किसानको आयस्रोत विविधीकरण गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

थप्रेकका किसान सुरज वाग्लेले आफूहरूले उत्पादन गरेको महले विश्वबजारमा प्रवेश पाएपछि निकै उत्साह थपिएको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो उत्पादनले अन्तरराष्ट्रिय बजारमा प्रवेश पाउनु खुसीको कुरा हो । थप बजार विस्तार भएमा कृषकलाई यही पेसामा टिकिराख्न सहयोग पुग्नेछ।"

वाग्लेका अनुसार यस ठाउँमा पाँच सयभन्दा बढी किसान मौरीपालनमा आबद्ध छन्। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (यसअघि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना) अन्तर्गत सञ्चालित मौरीपालन कार्यक्रमले यस क्षेत्रमा व्यावसायिक मौरीपालन विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । सुरुमा १० जना किसानबाट सुरु भएको कार्यक्रम हाल पाँच सय जनामा पुगेको छ।

वाग्लेसँग मात्र हाल २५ वटा मौरीघार छन् । आगामी दिनमा घारको सङ्ख्या दुई सयसम्म विस्तार गर्ने योजना रहेको उहाँले सुनाउनुभयो । "महको मूल्य र बजार दुवै राम्रो हुँदै गएको छ, त्यसैले थप लगानी गरेर उत्पादन बढाउने सोचमा छु" उहाँले भन्नुभयो। महको गुणस्तर सुनिश्चित गर्न सूर्य नेपाल प्रालिले प्रत्येक महिना विभिन्न फूलको स्रोतबाट सङ्कलित महको परीक्षण गर्दै आएको छ । यस क्रममा कात्तिक महिनामा कटुस वनबाट सङ्कलित मह उच्च गुणस्तरको देखिएको र विदेशी बजारका लागि उपयुक्त ठहरिएको जनाइएको छ । अगुवा किसान नन्दुथापा मगरले यहाँ उत्पादित मह विदेशमा बजारीकरण हुनु किसानका लागि ठूलो खुसीको कुरा भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ उत्पादित महको माग विदेशमा राम्रो छ । किसानको आम्दानीको मुख्य स्रोत नै मौरीपालन हो, हरेक घरमा मौरीका घार छन् । बजारीकरणले थप किसानलाई आकर्षित गर्नेछ।" राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति एवं तनहुँ क्षेत्र नं १ का सांसद डा स्वर्णिम वाग्लेले तनहुँमा उत्पादन भएको 'कटुस' महलाई अन्तरराष्ट्रिय बजारमा पुगेको उल्लेख गर्दै यसलाई नेपालको आर्थिक सम्भावनाको महत्त्वपूर्ण उदाहरणका रूपमा प्रस्तुत गर्नुभएको छ । उहाँले सामाजिक सञ्जालमार्फत उक्त मह 'मरानी चेष्टनट हनी' ब्रान्डमा विश्वबजारमा बिक्री सुरु भएको जानकारी दिँदै नेपाली उत्पादनलाई उच्च मूल्यमा विश्वस्तरमा स्थापित गर्न सकिने सम्भावना उजागर भएको बताउनुभयो । वाग्लेले नेपाली उत्पादनलाई विशिष्ट प्रशोधन, गुणस्तरीय परीक्षण, आधुनिक प्याकेजिङ तथा प्रभावकारी बजारीकरणमार्फत विश्वबजारमा पुऱ्याउन सूर्य नेपालअन्तर्गतको 'हिमालयन ट्रेजर' ब्रान्डको भूमिकाको प्रशंसा गर्नुभएको छ।

# मार्ग खुलेको १६ वर्षपछि सडक स्तरोन्नति थालियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ चैत

म्याग्दीको मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि फुलबारी-च्युरीबोट-सिस्नेरी हुदै बागलुङको तमानखोला जोड्ने सडक स्तरोन्नति थालिएको छ।

मालिका गाउँपालिकाले यस सडकको बतासे-फुलबारी खण्डमा स्तरोन्नतिका लागि आयोजना शुरु गरेको हो । विसं २०६६ मा मार्ग खुलेको यस सडक सामान्य मर्मतको भरमा सञ्चालन हुदै आएको थियो ।

प्रदेश समपुरक शीर्षकमा गाउँपालिकाले चालु आर्थिक वर्षमा रु. एक करोड बजेट बिनियोजन गरेको यस आयोजना निर्माणका लागि मंगला कन्ट्रक्सन बाबियाचौरले रु. ६५ लाख २३ हजार चार सय ३२ मा गत माघ २६ गते ठेक्का सम्झौता गरेको छ।

आगामी असार १५ गतेसम्म ठेक्काको म्याद रहेको योजना लक्ष्य अघिनै सम्पन्न गर्ने कार्ययोजना अनुसार पहिलो चरणमा डोजर परिचालन गरेर सडक फराकिलो पार्ने कामलाई तिब्रता दिएको निर्माण कम्पनीका प्रतिनिधी चक्रलाल पाण्डेले बताउनुभयो।

हाल तीन दशमलब पाँच देखि चार मिटर चौडाई भएको सडकलाई कम्तीमा छ मिटर फराकिलो पार्न भित्ता काट्ने काम भैरहेको छ। फराकिलो पारेपछि करिब पाँच सय मिटर दुरीमा नाली, ग्रेड, घुम्ती मिलाउने, ग्यावीयन, पलम पर्खाल निर्माण र ढलान गरिने निर्माण ब्यवसायी पाण्डेले बताउनुभयो। मालिका गाउँपालिकाको प्राबिधिक शाखाका प्रमुख दिपक सापकोटाका अनुसार यस आयोजना मार्फत ११ हजार घनमिटर भित्ता काट्ने, चार सय ४५ घनमिटर ग्यावीयन जालीको पर्खाल, दुई सय ५४ घनमिटर नाली, दुई सय ५० घनमिटर ढलान र २७ घनमिटर पलम पर्खाल निर्माण हुनेछ्।

यसअघिको बर्षमा थापाचौर देखि देविस्थान जाने घुम्ति सम्मको खण्डमा स्तरोन्नति भएको थियो।

यो सडक मालिका गाउँपालिकाको ४, २, ३ नम्बर वडाका साथै बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्छन् । यो मालिका गाउँपालिकाको चालु आर्थिक वर्षको प्राथमिकताप्राप्त आयोजना भएको प्रमुख प्रशासकीय अधिकृत हरिशचन्द्र ढकालले बताउनुभयो।

# प्रधानमन्त्री कप क्रिकेट : नेपाल पुलिस विजयी

**रासस**
काठमाडौं, १२ चैत

राजधानीमा जारी प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लबले जित हासिल गरेको छ।

माथिल्लो मुलपानी क्रिकेट मैदानमा बिहीबार भएको खेलमा पुलिसले बागमती प्रदेशलाई सात विकेटले पराजित गऱ्यो । बागमतीले दिएको २६६ रनको लक्ष्य पुलिसले ४४ ओभरमा ७ विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो । पुलिसको जितमा ओपनर शङ्कर रानाले ११६ रनको शतकीय पारी खेले । उनले १२८ बलमा १३ चौका र चार छक्का प्रहार गरे । त्यस्तै दिनेश खरेलले ७५ बलमा आठ चौका र तीन छक्काको सहयोगमा ७० रनको अर्धशतकीय पारी खेले । त्यस्तै कप्तान आरिफ शेख ४३ तथा रशिद खान १० रनमा अविजित रहे। बलिङतर्फ बागमतीको रिजन ढकाल, सन्दीप लामिछाने र सुवास खत्रीले समान एक /एक विकेट लिए। टस हारेर पहिला ब्याटिङ गरेको बागमतीले ४९ दशमलब २ ओभरमा सबै विकेट गुमाउदै २६५ रन बनाएको थियो । उसका लागि पवन थापाले सर्वाधिक ७९ रन जोडे । उनले १०१ बलमा ६ चौका र एक छक्का प्रहार गरे । त्यस्तै इशान पाण्डेले ८० बलमा ७१ रन बनाए । आशुतोष घिरैयाले २२, उत्तम थापाले २१ तथा कप्तान सन्दीप लामिछानेले १३ रन जोडे । पुलिसका लागि दिनेश खरेल र रशिद खानले समान तीन/तीन विकेट लिए भने करण केसीले दुई विकेट लिए। प्रतियोगितामा तीन विभागीय टोलीसहित सात प्रदेशको सहभागिता छ । प्रतियोगिताको विजेताले रु १० लाख तथा उपविजेताले रु पाँच लाख प्राप्त गर्ने जनाइएको छ।

# चुमनुब्रीको फिलिममा मोटर पुग्यो

**पोखरापत्र संवाददाता**
गोरखा, १२ चैत

चुमनुब्री गाउँपालिकाको केन्द्र सिर्दिवासको फिलिममा मोटर पुगेको छ । पर्यटक बोकेको जीप बुधबार नाग्चेतबाट बुढीगण्डकी नदी पारीको सो क्षेत्रमा पुगेको हो।

बेनिघाट आरुघाट लार्के सडकअन्तर्गत नाग्चेत हुँदै पाङसिङसम्म मोटर चल्छ। तर मोटरेवल पुल अभावमा नाग्चेत पारी रहेको फिलिममा भने गाडी पुग्न सकेको थिएन । स्थानीय व्यवसायीले बुढीगण्डकीमाथि अस्थायी पुल निर्माण गरेका छन् । नदी किनारबाट फिलिमसम्मको गोरेटो बाटो चौडा गरिएको छ । त्यसैले उक्त क्षेत्रमा मोटर पुग्न सहज भएको हो । चार पाङ्ग्रे सवार 'साधन सहजै आउजाउ हुने गरी अस्थायी पुल निर्माण गरिएको स्थानीय कुमारी गुरुङले बताउनुभयो।

"पहिले नाग्चेतमा झरेर झोलुङ्गे पुल हुँदै पैदल आउनुपर्थ्यो", उहाँले भन्नुभयो, "अहिले मोटर आउने गरी अस्थायी पुल बनेको छ ।" ह्यूम पाइप र फलाम हालेर बुढीगण्डकी नदीमाथि अस्थायी पुल बनाइएको उहाँले जानकारी दिनुभयो । मोटर पुगेसँगै सुपथ मूल्यमा सामान ढुवानी गर्न पाइने र बिरामीलाई एम्बुलेन्समार्फत स्वास्थ्य संस्थामा लान सहज हुने उहाँ बताउनुहुन्छ । अस्थायी पुल भएकाले समस्या समाधानको दीर्घकालीन उपाय भने नभएको गुरुङको भनाइ छ।

गुरुङ भन्नुहुन्छ, "यो पुल खोलामा बाढी नआएसम्मका लागि होला, बाढी आयो भने बगाएर लान्छ। पक्की पुल नै आवश्यक छ।"

सो ठाउँमा पक्की पुल निर्माणका लागि सर्भे गर्न गत भदौ महिनामा सङ्घको टोली आएको थियो। तर नाग्चेतपारी बुढीगण्डकी किनारदेखि फिलिमसम्म सडक सञ्जाल नजोडिएकाले काम अघि बढ्न सकेको छैन।

सडक ट्र्याक खोल्नका लागि पालिकाले बजेट विनियोजन गर्दै आई स्वीकृत गरेर राष्ट्रिय निकुञ्ज विभागमा पठाइसकेको छ। निकुञ्जबाट वन मन्त्रालयमा फाइल अघि बढेपनि कुनै निर्णय आएको छैन । सोही कारण काम अघि बढाउन नसकिएको पालिका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताउनुभयो। 'नदी किनारदेखि फिलिमसम्मको ४.५ किलोमिटर सडक ट्र्याक खोल्ने तयारी छ", अधिकृत लामिछानेले भन्नुभयो । सडक ट्र्याक नभएकै कारण बुढीगण्डकी नदीमाथि मोटरेवल पुल निर्माणको काम अघि बढ्न नसकेको उहाँको भनाइ छ। पालिकाले सडक ट्र्याक खोल्न रु एक करोड २५ लाख विनियोजन गरेको छ।


## Tribhuvan University
## Institute of Forestry (IOF)
### Pokhara Campus, Pokhara

## Invitation for Bids

First Publication Date: 2082 Chaitra 11

**Supply and Delivery of 2WD Jeep**

1. Office of IOF, Pokhara Campus, Pokhara Kaski invites sealed bids from eligible bidders for the procurement of the following items:

| Description | Quantity | Estimated Cost (Including VAT and all other Taxes) |
|---|---|---|
| Five Door, Two wheel drive jeep, at least 7 seater, Four-cylinder Diesel Engine, more than 2100 CC, wheelbase above 2600mm, fuel tanks not less than 50 liters, and ground clearance minimum 180mm. | One | NRs. 6,600,000.00 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the Office of IOF, Pokhara Campus, Pokhara Kaski Tel: 061433766, Email: info@iofpc.edu.np
3. Bidding documents may be purchased from the above office by eligible bidders on the submission of a written application accompanied by a letter of Authority from suppliers to the address above, along with a copy of the company/firm registration certificate and Tax Clearance Certificate valid for F.Y. 2081/082, VAT/PAN Registration Certificate and upon payment of a non-refundable fee of NRs. 3,000/- deposited in the account (account name: Forestry Institute & account number 19200100579572000001) of Nepal Bank Limited, Prithvi Chowk Branch.
4. Sealed Bids must be submitted, including the deposit of 2.5% of the bid amount in the form of cash OR bank guarantee of any commercial bank to Office of IOF, Pokhara Campus, Pokhara-15, Kaski on or before 12:00 PM (Noon) on 2083 Baishak 10. Documents received after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of Bidders' representatives, who choose to attend at the address above at 2:00 PM on 2083 Baishak 11.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case, the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document. Noncompliance with this instruction shall result in disqualification.
8. The purchaser reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.
9. Details which are not mentioned in the notice are followed by the Public Procurement Act 2063 and the Public Procurement Regulation 2064.

Campus Chief